च. शिक्षक, पत्रकार, किशोरी, महिला, धामी, झाँक्री, पूजारी, मुखिया, बालवालिका, बृद्धबृद्धा, सासु, बुहारीमा मर्यादित महिनावारीबारे बिशेष कार्यक्रमहरु तथा अवलोकन भ्रमण,

छ. मार्यादित महिनावारी क्षेत्र घोषणा कार्यक्रमको लागी अभिमुखीकरण,

ज. जनचेतनाका लागि मिडिया परिचालन तथा चेतनामूलक सामग्री प्रसारण,

झ. सूचना, शिक्षा तथा सञ्चार व्यवस्थापन,

ञ. समिक्षा गोष्ठी,

ट. अन्य सान्दर्भिक क्षमता विकासका कृयाकलापहरु ।

## ६. लक्षित समुह

क. किशोरी, महिला तथा आश्रीत बालबालिका,

ख. किशोरी समुह, महिला समुह, आमा समुह, उपभोक्ता समिति, महिला सञ्जाल, वाल क्लब आदि,

ग. समुदाय (धामी, झाँक्री, पूजारी, जेष्ठ नागरिक तथा परिवारका अन्य सदस्यहरु, सामाजिक तथा धार्मिक मुखिया),

घ. शिक्षणतथा स्वास्थ्य संस्थाहरु,

ङ. स्थानीय तह स्थित विभिन्न सञ्जाल तथा मञ्च,

च. अन्य सरोकारवाला ।

## ७. कार्यक्रम सञ्चालन गर्ने निकाय

क. मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी दफा ४ र ५ बमोजिमको कार्यक्रमहरु सञ्चालन गर्न गाउँपालिका/नगरपालिकामूख्य जिम्मेवार निकाय हो । उक्त कार्यक्रमहरु सञ्चालनमा बिशिष्टिकृत भुमिका बहन गर्नको लागिगाउँपालिका/नगरपालिकालेदेहाय बमोजिमका समितिहरुगठनगर्नेछ ।

ख. गाउँपालिका/नगरपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समिति

| | |
|---|---|
| गाँउपालिका अध्यक्ष/नगर प्रमुख | संरक्षक |
| (१) गाँउपालिका उपाध्यक्ष/नगर उप-प्रमुख | संयोजक |
| (२) गाँउ/नगर कार्यपालिका का सदस्यहरु | सदस्य |
| (३) गाउँ/नगरपालिका अन्तरगत महिला विकास शाखा प्रमुख | सदस्य |
| (४) गाउँ/नगरपालिका अन्तरगत खा.पा. तथा स./पुर्वाधार विकास शाखा प्रमुख | सदस्य |
| (५) गाउँ/नगरपालिका अन्तरगत स्वास्थ्य शाखा प्रमुख | सदस्य |
| (६) गाउँ/नगरपालिका अन्तरगत शिक्षा शाखा प्रमुख | सदस्य |
| (७) गाउँ/नगरपालिका अन्तरगत कृषि शाखा प्रमुख | सदस्य |
| (८) गाउँ/नगरपालिका स्तरीय महिला सञ्जाल प्रतिनिधि | सदस्य |
| (९) गाउँ/नगरपालिका स्तरीय वाल क्लब प्रतिनिधि | सदस्य |
| (१०) सामाजिक तथा धार्मिक नेता प्रतिनिधि (२ जना) | सदस्य |
| (११) विद्यालय प्रतिनिधि(२ जना) | सदस्य |
| (१२) मिडिया प्रतिनिधि(१ जना) | सदस्य |
| (१३) विभिन्न सरोकारवाला संघ संस्था प्रतिनिधि (१ जना प्रति संस्था) | सदस्य |
| (१४) सुरक्षा निकायका प्रतिनिधि | सदस्य |
| (१५) प्रमुख प्रशाशकीय अधिकृत | सदस्य सचिव |

ग. वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समिति

| | |
|---|---|
| (१) वडा अध्यक्ष | संयोजक |

